नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० | अंक १७२ | २०७७ साल माघ २४ गते शनिबार (6 Feb. 2021 Saturday) | मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- अनुसन्धान वा अभियोजन अधिकारीले निर्दोष व्यक्तिलाई फसाउने वा वास्तविक कसूरदारलाई जोगाने मनसायले बदनियतपूर्वक अनुसन्धान वा अभियोजन गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- झुठ्ठा प्रमाण बनाउनेलाई पाँचवर्षसम्म कैद र पचार हजार रुपैयाँसम्म जरिवाना हुने,
- कसूरदारलाई आश्रय दिनेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : डोमः बाँस, बेत र ... ३ पृष्ठमा : एन्टिवडी परीक्षणका लागि ... ३ पृष्ठमा : अमेरिकामा राष्ट्रपति ...

# प्रचण्ड नेपाल पक्षधरद्वारा प्रधानमन्त्रीको पुतला दहन



**दैनिक समाचारदाता**
**राजविराज, २३ माघ ।**
नेकपा प्रचण्ड नेपाल पक्षधरले शुक्रबार राजविराजमा प्रधानमन्त्री केपी शर्मा ओलीको पुतला दहन गरेको छ ।

सो पक्षधरद्वारा बिहीबार गरेको आम हड्तालका क्रममा जनकपुरमा सो पक्षधरका नेता रामचन्द्र झा र मातृका यादवमाथी प्रहरीले गरेको दमनको बिरोधमा पुतला दहन गरिएको हो ।

नेकपा प्रचण्ड नेपाल पक्षधरका नेता कार्यकर्ताहरुले स्थानिय शिव मन्दिरको प्राङ्गणबाट निकालेको बिरोध जुलुस नेता चौकमा पुगेर कोण सभामा परिणत भएको थियो । उनीहरुले सोही स्थानमा प्रधानमन्त्रीको पुतला दहन गरेका थिए ।

पुतला दहन पश्चात् आयोजित बिरोध सभामा पार्टीका प्रदेशसभा सदस्य महेश प्रसाद यादव, मजदुर नेता केदार देव, युवा संघका केन्द्रिय सदस्य निरञ्चन झा लगायतले प्रधानमन्त्रीको असंबैधानिक कदम तथा आम हड्तालका क्रममा प्रहरीले गरेको हस्तक्षेपको बिरोध गरेका थिए ।

# जसपाको बिरोध प्रदर्शन



**दैनिक समाचारदाता**
**राजविराज, २३ माघ ।**
जनता समाजवादी पार्टी नेपाल सप्तरीले प्रतिनिधिसभा विघटनविरुद्ध शुक्रबार राजविराजमा बिरोध प्रदर्शन गरेको छ ।

स्थानिय शिव मन्दिरको प्राङ्गणबाट निस्केको बिरोध प्रदर्शन नगर परिक्रमा पश्चात् स्थानिय नेता चौकमा बिरोध सभा गरेको छ ।

आयोजित सभामा वक्ताहरुले प्रधानमन्त्रीको असंबैधानिक कदम अलोकतान्त्रिक भएको भन्दै सो कदम नसच्याए आन्दोलनबाटै संसद पुर्नवहाली गर्ने चेतावनी दिएका छन् । बिरोधसभामा राष्ट्रिय सभा सदस्य मृगेन्द्र कुमार सिंह यादव, पार्टीका केन्द्रिय सदस्य रेणु यादव, विद्यार्थी नेता किशोर कुमार यादव लगायतले मन्तव्य राखेका थिए ।

प्रधानमन्त्री केपी शर्मा ओलीले गत पुस ५ गते प्रतिनिधिसभा विघटन गरेपछि ओलीको उक्त कदम असंवैधानिक, अलोकतान्त्रिक र प्रतिगामी भनी जसपाले चरणबद्ध रुपमा आन्दोलन गर्दै आएको छ ।

# मालपोतका निमित्त प्रमुख र लेखापढी व्यवसायी घुस रकमसहित पक्राउ




**दैनिक समाचारदाता**
**राजविराज, २३ माघ ।**
अख्तियारको टोलीले सेवाग्राहीसँग घुस लिदा लिदै मालपोत कार्यालयका निमित्त कार्यालय प्रमुख सर्वेक्षक हरिचन्द्र ठाकुर र लेखापढी व्यवसायी अरुण कुमार यादव पक्राउ गरेको छ ।

सप्तरीको कञ्चनरुप नगरपालिकास्थित मालपोत कार्यालयका निमित्त प्रमुख ठाकुर र लेखापढी व्यवसायी अरुण कुमार यादवलाई १५ हजार घुसका रकमसहित अख्तियार दूरुपयोग अनुसन्धान आयोग ईटहरीबाट खटिएको टोलीले पक्राउ गरेको जनाएको छ ।

प्रमुख ठाकुर र लेखापढी व्यवसायी यादवले सेवाग्राहीसँग जग्गाको नक्सा मिलाई दिन्छु भन्दै सो रकम लिएको आयोगले जनाएको छ । हनुमाननगर कंकालीनि नगरपालिका ३ निवासी

*बाँकी अन्तिम पृष्ठमा*

# प्रदेश २ सरकारद्वारा प्राधिकरण, काउन्सील र प्रवर्द्धन बोर्डका अध्यक्ष नियुक्त



**दैनिक समाचारदाता**
**राजविराज, २३ माघ ।**
प्रदेश २ सरकारको शुक्रबार बसेको मन्त्री परिषद्को बैठकले आमसंचार प्राधिकरण, मिडिया काउन्सिल र लोकसंचार प्रवर्द्धन बोर्डको अध्यक्ष नियुक्त गरेको छ ।

प्रदेश सरकारले संचार प्राधिकरणको अध्यक्षमा श्यामसुन्दर यादव, मिडिया काउन्सिलको अध्यक्षमा शिवहरि भट्टराई र चलचित्र विकास बोर्डको अध्यक्षमा धर्मेन्द्र मोरबैतालाई नियुक्त गरेको हो ।

नियुक्त भएका श्यामसुन्दर र शिबहरी सप्तरी जिल्लामा रहेर पत्रकारिता गर्दै आएका छन् । मोरबैता भने सिरहा जिल्लाका बासिन्दा हुन् ।



# टेलिकम १७ वर्षमा : ७० प्रतिशत जनसंख्यामा पहुँच

काठमाडौँ, २३ माघ (रासस)।

नेपालको दूरसञ्चार सेवामा अग्रणी संस्थाका रुपमा स्थापित नेपाल टेलिकम (नेपाल दूरसञ्चार कम्पनी लिमिटेड) सत्र वर्ष पूरा गरी अठारौँ वर्षमा प्रवेश गरेको छ। सरकारले अघि सारेको डिजिटन नेपाल अवधारणालाई सार्थक बनाउन टेलिकमले देशको दुर्गम क्षेत्रमा समेत उच्चतम प्रविधिको प्रयोगमार्फत सेवा ग्राहकसमक्ष सेवा प्रदान गर्दै आएको छ। मुलुकमा दूरसञ्चार सेवाको शुरुआत, विकास र विस्तारको एक शताब्दीभन्दा लामो गौरवशाली इतिहास बोकेको संस्था विसं २०६० माघ २२ गते 'कम्पनी' मा रुपान्तरण भएको थियो।

टेलिकमले कम्पनीको १७औँ वार्षिकोत्सवका अवसरमा बिहीबारदेखि मुलुकभर फोरजी मोबाइलमा चलाउन मिल्नेगरी आकर्षक सुविधासहित फोरजी वायरलेस होम ब्रोडव्याण्ड सर्भिस र मेसिन टु मेसिन डाटा र एसएमएस सेवाको शुरुवात गरेको छ। सेवाग्राहीको चाहना तथा बजारको मागलाई दृष्टिगत गर्दै अगाडि बढेको टेलिकमको सेवा मुलुकको करीब ७० प्रतिशत जनसङ्ख्यामा कुनै न कुनै सेवाको पहुँच पुगिसकेको छ।

सत्र वर्षअघि स्थापना हुँदा कम्पनीको ग्राहक आधार करीब चार लाख २२ हजार मात्रै भए पनि त्यसलाई वृद्धि गर्दै हाल दुई करोड नौ लाख पुगेको छ। कम्पनीले मुलुकको ७७ वटै जिल्लामा ताररहित प्रविधिमा आधारित फोर जी मोबाइल र डाटा सेवा तथा ४२ जिल्लामा अप्टिकल फाइबरमा आधारित एफटिटिएच सेवा सञ्चालनमा ल्याएपछि ग्राहक आधारमा निरन्तर वृद्धि भइरहेको प्रबन्ध निर्देशन डिल्लीराम अधिकारीले जानकारी दिनुभयो।

कम्पनीले आधारभूत टेलिफोन, ताररहित मोबाइल, अति दुर्गम विकट स्थानमा स्याटेलाइट प्रविधिमा आधारित टेलिफोन सेवा, इन्टरनेटर डाटा सेवा तथा अन्य सेवा उपलब्ध गराउँदै आएको छ। एफटिटिएच सेवाअन्तर्गत एउटै फाइबरका माध्यमबाट डाटा र भ्वाइस उपलब्ध भइरहेकामा गत जनवरी १ तारिखमा एनटिटिभी ब्राण्डमा आइपिटिभी सेवाको सुभारम्भ भएपश्चात् भ्वाइस डाटा र भिडियोको अवधारणा कार्यान्वयन गर्नसमेत टेलिकम सफलता भएको छ।

निर्देशक अधिकाकारीले भन्नुभयो, "कम्पनीको ग्राहक आधार आधारभूत सेवातर्फ २०७६ असार मसान्तमा करीब दुई करोड २७ लाख (७६.९५५ टेली घनत्व) रहेको थियो भने करीब २० लाख निष्क्रिय ग्राहक सिष्टमबाट हटाउने क्रममा २०७७ असार मसान्तमा ग्राहक आधार करीब २ करोड (६७.७६ ५ टेली घनत्व) पुगे तापनि ग्राहक आधारमा क्रमिकरुपमा वृद्धि हुँदै २०७७ मङ्सिर मसान्तसम्म ग्राहक आधार दुई करोड नौ लाख (६९.८५ टेलीघनत्व) पुगेको छ।"

सोमध्ये जीएसएम मोबाइलका ग्राहक एक करोड ८४ लाख ३१ हजार, सिडिएमए सेवाका १८ लाख आठ हजार र पिएसटिएन सेवाका ग्राहक छ लाख १७ हजार रहेका छन्। त्यसैगरी एफटिटिएच भ्वाइस सेवाका ग्राहक ७१ हजार ३०० रहेका छन्। विसं २०७७ कात्तिक महिनाको नेपाल दूरसञ्चार प्राधिकरणको एमआइएस रिपोर्टअनुसार भ्वाइस सेवातर्फ कम्पनीको बजार हिस्सा कूल ५३.६५ प्रतिशत रहेको छ।

त्यसैगरी इन्टरनेट डाटा सेवातर्फ कम्पनीको डाटा (इमेल, इन्टरनेट आदि) सेवाका प्रयोगकर्ता २०७७ मङ्सिर महिनाको अन्त्यसम्ममा कूल एक करोड ६४ लाख नौ हजार ५०० भन्दा बढी पुगेको छ। सोमध्ये जीएसएम मोबाइलको डाटा सेवाका प्रयोगकर्ता एक करोड ५९ लाख ९९ हजार, एडीएसएल सेवाका प्रयोगकर्ता एक लाख ८१ हजार ५००, एफटिटिएच डाटा सेवाका प्रयोगकर्ता ६८ हजार र वाइम्याक्स सेवाका प्रयोगकर्ता १८ हजार ५०० रहेका छन्। जीएसएम फोरतर्फ हालसम्म करीब २५ लाख ग्राहक पुगिसकेको छ।

आव २०७६/७७ मा कम्पनीको आय रु ४२ अर्ब ९८ करोड पुगेको छ भने कम्पनीको खुद मुनाफा रु नौ अर्ब ७४ करोड भएको छ। मुलुकको अर्थतन्त्रमा कम्पनीले पुऱ्याएको योगदान हेर्ने हो भने आव २०७५/७६ मा कर तथा गैह्रकर गरी कम्पनीले रु ३३ अर्ब ३० करोड (कूल आयको ७५ प्रतिशत) रकम योगदान गरेको थियो भने यस आव २०७६/७७ मा रु ३५ अर्ब पाँच करोड (कूल आयको ८१ प्रतिशत) योगदान गरेको छ।

त्यसैगरी टेलिकमले पूर्वाधार विकासतर्फ मध्य पहाडी लोकमार्गलाई आधार मानी प्रदेश १, २ र वाग्मतीका जिल्ला, नगरपालिका र गाउँपालिकालाई समेट्ने गरी अप्टिकल फाइबर बिछ्याउने कार्य द्रुत गतिमा अघि बढाइएको छ। कर्णाली र सुदूरपश्चिम प्रदेशअन्तर्गत पर्ने मध्यपहाडी लोकमार्गमा समेत अप्टिकल फाइबर बिछ्याउने गरी हालै सम्झौता भई कार्य अगाडि बढाइएको छ।

कम्पनीले वाग्मती सरसफाइ महाअभियानमा सहभागिता तथा सहयोग गर्नुका साथै नेपालमा फुटबल खेलको विकास तथा खेलाडीको व्यावसायिकतालाई सहयोग पुऱ्याउने उद्देश्यले नेपालको ए डिभिजन फुटबलको विभागीय टिम नेपाल पुलिस क्लबलाई विसं २०६८ देखि नियमितरुपमा प्रयोजन गर्दै आइरहेको। त्यसैगरी भूकम्प प्रभावित तथा अन्य दुर्गम १७ जिल्लामा आइसिटी सेन्टर स्थापना गरेको छ। टेलिकले सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र नेपाल दूरसञ्चार प्राधिकरण को सहकार्य र सहमतिमा दूरसञ्चार पूर्वाधार सेवा प्रदायक कम्पनी गठन गरी सञ्चालन गर्ने र पूर्वाधारको प्रयोगमार्फत लागत कम गराई सेवालाई सस्तो बनाउने भएको छ।

# अधिकांश स्थानमा वर्षाको सम्भावना

काठमाडौँ, २३ माघ (रासस)।

पश्चिमी वायुको प्रभावले शुक्रबार देशभर आंशिकदेखि सामान्य बदली रही अधिकांश स्थानमा वर्षा हुने भएको छ। जल तथा मौसम विज्ञान विभागका अनुसार शुक्रबार बिहानैदेखि पश्चिम नेपालका केही ठाँउमा हल्का वर्षा भइरहेको छ।

उच्च हिमाली भूभागमा हिमपात भएको छ। शुक्रबार अपराह्न तथा बेलुकासम्म देशका पूर्वी तथा मध्य भूभागमा पनि हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको मौसमविद् मीनकुमार अर्यालले बताउनुभयो। "पश्चिमी वायु सक्रिय नभएकाले ठूलो वर्षाको सम्भावना छैन। हल्कादेखि मध्यम वर्षाको सम्भावना मात्र रहेको छ", मौसमविद् अर्यालले भन्नुभयो।

पश्चिमी भूभागमा शुक्रबार ७.८ मिलिमिटर वर्षा भइसकेको बताइएको छ। यस प्रणालीको प्रभाव शनिबार बेलुकासम्म रहने र आइतबारदेखि मौसम सफा हुने मौसम पूर्वानुमान महाशाखाले जनाएको छ। हाल सुदूरपश्चिम, कर्णाली, गण्डकी र लुम्बिनी प्रदेशमा सामान्य बदली तथा वाग्मती प्रदेशमा आंशिक बदली छ।

देशभर राति आंशिकदेखि सामान्य बदली रही सुदूरपश्चिम, कर्णाली, लुम्बिनी र वाग्मती प्रदेशका पहाडी भूभागका धेरै स्थान तथा प्रदेश नं १ का केही स्थानमा हल्का वर्षाको सम्भावना रहेको बताइएको छ। मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरणानुसार शुक्रबार काठमाडौँ उपत्यकाको न्यूनतम तापक्रम ३ दशमलव ५ डिग्री र अधिकतम तापक्रम २० दशमलव शून्य डिग्री सेल्सियस छ। त्यस्तै शुक्रबार सबैभन्दा कम जिरीको न्यूनतम तापक्रम शून्य दशमलव ५ डिग्री र सबैभन्दा धेरै धनगढीको न्यूनतम तापक्रम १३ दशमलव शून्य डिग्री सेल्सियस छ।

# घरबाटै बेपत्ता दूधेबालक ७२ घण्टापछि भारतबाट उद्धार

लहान, २३ माघ (रासस)।

आफ्नै आँगनबाट बेपत्ता भएका सिरहाको दुई वर्षीय बालकलाई ७२ घण्टापछि प्रहरीले भारतको मधुवनीबाट उद्धार गरी परिवारको जिम्मा लगाएको छ।

आफ्नै घरआँगनमा खेलिरहेका बेला गत मङ्गलबार साँझ सिरहा नगरपालिका-१ डुम्बाखाताका प्रदीप यादवका दुई वर्षीय छोरा प्रियान्सु बेपत्ता भएको थिए।

बालक घरबाटै बेपत्ता भएको सूचना पाएर खोजतलासमा जुटेको जिल्ला प्रहरी कार्यालय सिरहाको टोलीले बिहीबार साँझ ७:०० भारतको मधुवनी जिल्ला खाजेडी भन्ने गाउँबाट प्रियान्सुलाई उद्धार गरेको सिरहाका प्रहरी उपरीक्षक सुदीपराज भण्डारीले जानकारी दिनुभयो। बालक प्रियान्सुलाई प्रहरीले जिल्ला प्रहरी कार्यालय सिरहामा ल्याई गए राति नै आमा सङ्गीताकुमारीको जिम्मा लगाएको जनाएको छ।

बालक बेपत्तालगत्तै परिवारजनले प्रहरीलाई खबर गरेका थिए। परिवारजनले बालकको अपहरण भएको आशङ्का गरेका थिए। बालकको घरदेखि फेला परेको स्थानको दूरी करिब १८ किलोमिटर पर्छ। "हाम्रो पहिलो प्राथमिकता बालकलाई सकुशल पत्ता लगाउनु थियो जुन सफल भयो", प्रहरी उपरीक्षक भण्डारीले भन्नुभयो, "अब घटनाको अनुसन्धान गरी बालकको अपहरण गर्नेको खोजी गर्न केन्द्रित हुन्छौँ।" अपहरणकारी जोसुकै भए पनि खोजी गरी कानूनी दायरामा ल्याइने उहाँको भनाइ थियो।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569



## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# आयल निगमलाई पाक्षिक रु एक अर्ब नोक्सान

काठमाडौँ, २३ (रासस)।

विश्व बजारमा पेट्रोलियम पदार्थको निरन्तरको मूल्यवृद्धिसँगै नियमित मूल्य समायोजन हुन नसक्दा नेपाल आयल निगमले चर्को नोक्सानी व्यहोर्न थालेको छ। पेट्रोलियम पदार्थको प्रचलित बजारमूल्य लागत मूल्यभन्दा कम भएपछि निगम नोक्सानी व्यहोर्नुपर्ने अवस्थामा पुगेको हो। निगमको पछिल्लो प्रक्षेपणअनुसार फेब्रुअरीको शुरुदेखि मध्यसम्मको १५ दिनमा पेट्रोलियम पदार्थको बिक्रीबाट झण्डै रु ९७ करोड ७५ लाख बराबरको नोक्सान हुने सम्भावना छ।

निगमले हाल दैनिक रु साढे छ करोड नोक्सानी व्यहोर्दै आएको छ। पेट्रोल, डिजेल"मट्टितेल र खाना पकाउने एलपी ग्यासको घाटाका कारण चर्को नोक्सानी हुने अवस्था देखिएको हो। इन्डियन आयल कर्पोरेशन (आइओसी) ले सोमबार पठाएको मूल्यसूचीअनुसार फेब्रुअरीको पहिलो पाक्षिकका लागि निगमले पेट्रोलको प्रतिलिटर ५१ रुपैयाँ ६९ पैसा, डिजेलको ५२ रुपैयाँ ३९ पैसा, मट्टितेलको ४८ रुपैयाँ ७६ पैसा र हवाई इन्धनको ४८ रुपैयाँ पाँच पैसा तिर्नुपर्छ। त्यस्तै खाना पकाउने एलपी ग्यासमा प्रतिसिलिन्डर रु एक हजार १२९ रुपैयाँ ८१ पैसा भुक्तानी गर्नुपर्छ।

आइओसीले पठाएको मूल्यमा विभिन्न शीर्षकमा कर लाग्दै आएको छ। ती सबै कर जोडेर निगमलाई पेट्रोलमा ११६ रुपैयाँ ८० पैसा पर्न आउँछ। त्यस्तै, डिजेलमा प्रतिलिटर ९७ रुपैयाँ ६७ पैसा, मट्टितेल प्रतिलिटर ७४ रुपैयाँ ९० पैसा, आन्तरिक हवाई इन्धन प्रतिलिटर ६३ रुपैयाँ र एलपी ग्यासमा प्रतिसिलिन्डर रु एक हजार ६७५ रुपैयाँ ११ पैसा लागत पर्ने देखिन्छ।

निगमले पेट्रोलको मूल्य प्रतिलिटर रु ११०, डिजेल र मट्टितेल रु ९३, आन्तरिक हवाई इन्धन रु ६५ र अन्तर्राष्ट्रिय हवाई इन्धनको प्रतिलिटर ०.८६८ अमेरिकी डलर तोकेको छ। खाना पकाउने एलपी ग्यासको बिक्री मूल्य प्रतिसिलिण्डर रु एक हजार ३७५ तोकिएको छ।

निगमलाई प्रतिलिटर पेट्रोलमा छ रुपैयाँ ८० पैसा, डिजेलमा चार रुपैयाँ ६७ पैसा नोक्सान हुँदै आएको छ। मट्टितेलमा निगमलाई प्रतिलिटर १८ रुपैयाँ १० पैसा र आन्तरिक हवाई इन्धनमा प्रतिलिटर रु २ र अन्तर्राष्ट्रिय हवाई इन्धनमा ३५ रुपैयाँ ८७ पैसा नाफा हुँदै आएको छ। खाना पकाउने ग्यासमा भने प्रतिसिलिन्डर ३१७ रुपैयाँ ११ पैसा नोक्सान हुने निगमले जनाएको छ।

चालु १५ दिनमा निगमले कूल ३० हजार किलोलिटर पेट्रोल खपत हुने अनुमान गरेको छ। यस आधारमा पेट्रोलको बिक्रीबाट मात्रै कूल रु २० करोड ३९ लाख, ९५ हजार किलोलिटर डिजेल बिक्री हुँदा रु ४४ करोड ३५ लाख तथा १४ लाख ३६ हजार एलपी ग्यास सिलिण्डर बिक्री हुँदा कुल नोक्सान ४५ करोड ५६ लाख हुने अनुमान गरिएको छ।

एक हजार ३५० किलोलिटर मट्टिलेल बिक्रीबाट यसबाट सो अवधिमा रु दुई करोड ४४ लाख नाफा हुने अनुमान गरको छ। त्यस्तै, एक हजार ३५० किलोलिटर आन्तरिक हवाई इन्धनको बिक्रीबाट रु ३२ लाख तथा एक हजार ६०४ किलोलिटर अन्तर्राष्टिय हवाई इन्धन बिक्री गर्दा रु नौ करोड ८० लाख नाफा हुने निगमले जनाएको छ।

**मूल्य समायोजन कहिले**

पछिल्लो समय अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य आकासिँदै गएको छ। कच्चा तेलको भाउ प्रतिब्यारेल ५८.८५ डलरमा अन्तिम कारोवार भइरहेको छ। कोभिड-१९ महामारीसँगै विश्वभर लकडाउन हुँदा कच्चा तेलको मूल्य २० डलरभन्दा कममा झरिसकेको थियो। अन्तर्राष्ट्रिय बजारमा तेलको भाउ पहिलेभन्दा तेब्बर भइसकेको छ। यस बीचमा निगमले रु ९६ सम्म झरेको पेट्रोलको मूल्य रु ११० रुपैयाँसम्म पुर्‍याएको छ।

मूल्य सामायोजन गर्न नसक्दा घाटा चुलिँदै गएको निगमका अधिकारीको भनाइ छ। "सरकारले अहिले मूल्य समायोजना नगरौँ भनेपछि हामीले रोक्यौँ, तर, यसले घाटा चुलिँदै गएको छ। पन्ध्र दिनमै एक अर्बको हाराहारीमा नोक्सान हुन थाल्यो भने त निगमले धान्न सक्दैन", निगमका प्रवक्ता विनितमणि उपाध्यायले भन्नुभयो।

अङ्ग्रेजी महिनाको प्रत्येक १५ दिनमा आइओसीले पठाएको नयाँ मूल्यसूचीअनुसार निगमले स्वचालित मूल्य प्रणालीअनुसार मूल्य समायोजन गर्दै आएको छ तर, निगमले मूल्य सामायोजन गर्न सकेन। अन्तर्राष्ट्रिय बजारमा मूल्य बढेको र आइओसीले समेत बढेको मूल्यसूची पठाउँदै गर्दा निगममाथि मूल्य समायोजन गर्नुपर्ने दबाब बढेको छ।

पूर्वमन्त्री डा नारायण खड्का स्वचालित मूल्य प्रणालीअनुसार मूल्य समायोजन गर्न निगमले खुट्टा कमाउन नहुने बताउनुहुन्छ। सरकारको राजस्वमा ठूलो हिस्सा ओगटेको निगमलाई व्यवस्थापकीय स्वायत्तता दिनुपर्छ भन्दै उहाँले अन्तर्राष्ट्रिय मूल्यअनुसार मूल्य समायोजन गर्ने अधिकार दिनुपर्ने बताउनुभयो। "निगमले आफ्नो वित्तीय विवरण पनि सार्वजनिक गर्नुपर्छ, मूल्य समायोजनका विषयमा सबै पक्षसँग छलफल गर्नुपर्छ, पारदर्शिता देखाउनुपर्छ", निगमले असिमित घाटा व्यहोर्न नसक्नेतर्फ ध्यानाकर्षण गराउँदै उहाँले भन्नुभयो, "निगमको कार्यक्षमता र यसको प्रकृतिबारे जनतालाई प्रष्ट पार्दै निगममा कुनै पनि अनियमितता छैन भन्ने विश्वास दिलाउन सक्नुपर्छ।"

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**माछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

मोवाईल नं. ९८५२८२०९३५

## विश्व समाचार

### अमेरिकी समर्थन अन्त्य गर्ने बाइडेनको घोषणा

वासिङ्टन, २३ माघ (रासस/सिन्ह्वा)।

अमेरिकी राष्ट्रपति जो बाइडेनले यमनमा भइरहेका आक्रामक कारवाहीमा अमेरिकाले गर्दै आएको समर्थन अन्त्य गर्ने बताउनुभएको छ। बाइडेन भन्दा अघिका दुई पूर्व अमेरिकी प्रशासनले यमनका हुथी विद्रोहीविरुद्ध साउदी अरेबियाको नेतृत्वको गठबन्धनले यमनमा गरेको युद्धमा अमेरिकाले समर्थन जनाउँदै आएको थियो। छ वर्ष भन्दा लामो समयदेखि जारी युद्धका कारण लाखौं मानिसहरूको लागि खाद्यान्न, औषधि र बस्ने ठाउँको आवश्यकता रहेको छ। जारी यस युद्धका कारण यमनमा एक लाख १० हजारभन्दा बढी मानिसहरूले ज्यान गुमाएका छन्। अमेरिकी राष्ट्रपति बाइडेनले विदेश नीतिको विषयमा दिनुभएको पहिलोपटक वक्तव्य यमनमा युद्ध अन्त्य हुनुपर्ने बताउनुभएको छ।

सन् २०१४ मा यमनको कमजोर सरकार र हुथी विद्रोहीबीच लडाइँ शुरु भएको थियो। त्यसको एक वर्षपछि साउदी अरेबिया र आठ अन्य अरब देशसहित अमेरिका, बेलायत र फ्रान्सले हुथीविरुद्ध हवाई हमला थालेपछि द्वन्द्व चर्किएको हो। बिहीबारको घोषणापछि अब अमेरिकाले आक्रामक कारवाही रोक्ने र त्यसबाहेक साउदी अरेबिया र संयुक्त अरब एमिरेट्सलाई हतियारहरू पनि बिक्री गर्न बन्द गर्ने बताइएको छ। बाइडेन प्रशासनले यसअघि नै साउदी अरेबिया र संयुक्त अरब एमिरेट्सलाई अस्थायी रूपमा हतियारहरु बेच्न कार्यमा रोक लगाइसकेको छ।

### उत्तरी अफगानिस्तानमा भएको झडपमा २६ जनाको मृत्यु

कुन्दुज, अफगानिस्तान, २३ माघ (रासस/सिन्ह्वा)।

अफगानिस्तानको उत्तरी प्रान्त कुन्दुजको खानबाद जिल्लामा भएको झडपमा परी सरकार समर्थक १६ लडाकू र १० तालिबान लडाकूको मृत्यु भएको जिल्ला उपप्रमुख क्युट्रातुल्लाह साफीले बताउनु भएको छ। यस झडपमा सरकार समर्थक लडाकूका कमाण्डर अब्दुल हाकिमसहित १६ जनाको मृत्यु भएको छ। तालिबान विद्रोहीतर्फ १० जना मारिएका समाचारमा जनाइएको छ। तालिबान लडाकू पाँचसहित नौ जना घाइते भएका पनि साफीले बताउनु भएको छ।

सयौं तालिवान लडाकूहरूले बिहान सबेरै खानबाद जिल्लाको टेपा अख्तर इलाकामा सरकार समर्थक लडाकूमाथि आक्रमण गरेका थिए। उक्त आक्रमण तीन घण्टासम्म जारी रहेको स्थानीयले जानकारी दिएका छन्। कुन्दुज प्रान्तीय परिषदका प्रमुख मोहम्मद युसुफले यस झडपमा सरकार समर्थक १६ लडाकूको मृत्यु भएको पुष्टि गर्नु भएको छ। तालिबान लडाकू समूहले भने यस झडप र हताहतको कुनै टिप्पणी गरेका छैनन्।

### भारतमा कोभिड-१९ विरुद्धको खोप करिब ५० लाखले लगाए

नयाँदिल्ली, २३ माघ (रासस/सिन्ह्वा)।

भारतमा गत जनवरी १६ देखि कोभिड-१९ विरुद्धको खोप कार्यक्रम शुरु भएको छ। सो दिनदेखि हालसम्म करिब ५० लाख व्यक्तिले खोप लगाइसेकेका छन्। कोरोना भाइरसविरुद्ध खोप लगाउनेमा प्राय:स्वास्थ्यकर्मी रहेका समाचारमा जनाइएको छ। यहाँ कोरोना भाइरस सङ्क्रमितको सङ्ख्या बिहीबारसम्म एक करोड आठ लाख २ हजारभन्दा बढी पुगेको छ। विगत २४ घण्टाको अवधिमा भारतमा १२ हजार ४०८ नयाँ सङ्क्रमित फेला परेपछि कोरोना सङ्क्रमितको सङ्ख्या एक करोड आठ लाख २ हजार ५९१ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले शुक्रबार जनाएको छ। भारतमा गत २४ घण्टामा कोरोना सङ्क्रमणको कारण १२० जनाको मृत्यु भएपछि कोरोनाभाइरसबाट मृत्यु हुनेको सङ्ख्या एक लाख ५४ हजार ८२३ जना पुगेको छ।मन्त्रालयको पछिल्लो विवरणमा भारतमा एक करोड चार लाख ८० हजारभन्दा बढी व्यक्ति सङ्क्रमणमुक्त भएको देखिएको छ। हाल भारतमा एक लाख ५५ हजार २५ जना सक्रिय सङ्क्रमित रहेका छन्। भारतको राष्ट्रिय राजधानी दिल्लीमा बिहीबार १५८ जना थप व्यक्तिमा कोरोना भाइरसका सङ्क्रमण देखिएको र सात जनाको मृत्यु भएको छ। भारतमा कोभिड-१९ शुरु भएयता भाइरस सङ्क्रमणको कारण दिल्लीमा १० हजार ८७१ को मृत्यु भइसकेको छ।

यसैबीच, सरकारले देशका विभिन्न भागमा कोभिड-१९ परीक्षणलाई तीव्रता दिने बताएको छ। भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले बिहीबारसम्म देशभर १९ करोड ९९ लाख ३१ हजारको हाराहारीमा नमूना परीक्षण गरेको छ। बुधबार एकै दिनमा मात्र सात लाख १५ हजार ७७६ व्यक्तिलाई कोभिड-१९ परीक्षण गरेको शुक्रबार जनाइएको छ।

### बेलायत पुग्ने पर्यटक अनिवार्य रुपमा क्वारेन्टाइनमा बस्नुपर्ने

लन्डन, २३ माघ (रासस/सिन्ह्वा)।

बेलायतमा पुग्ने पर्यटकहरुलाई अनिवार्य रुपमा क्वारेन्टाइनमा बस्नुपर्ने भएको छ।बेलायत सरकारले यही फेब्रुअरीको १५ तारिखदेखि यस्तो नियम बनाएको हो। बेलायत पुग्ने विश्वका विभिन्न ३० देशका पर्यटकहरु अनिवार्य रुपमा क्यारेन्टाइनमा बस्नुपर्ने भएको हो। यस्तो क्वारेन्टाइन बेलायतको सरकारले आफैले तोकेको मापदण्डअनुसार हुने पनि बताइएको छ। बेलायत सरकारले होटल, लज तथा अन्य स्थानमा आवश्यक मापदण्डहरु पूरा गरी यस्तो क्वारेन्टाइन निर्माण गर्ने र कोरोना महामारी बढी प्रभावित रहेका विश्वका ३० देशका नागरिक बेलायत पुगेमा ती क्वारेन्टाइनहरुमा बस्नुपर्ने नियम बताइएको छ।

बेलायतमा नयाँ प्रजातिको भाइरस भित्रिन नदिनका लागि यो नयाँ प्रतिबन्दको घोषणा गरिएको बेलायत सरकारले बिहीबार जानकारी दिएको छ। दक्षिण अमेरिका, दक्षिण अफ्रिकालगायतका देशका नागरिकलाई यो प्रतिबन्द लगाइएको छ। ती देशका नागरिक बेलायत आएपछि अनिवार्य रुपमा १० दिनसम्म क्वारेन्टाइनमा बस्नुपर्ने नियम बनाइएको समाचारमा जनाइएको छ।

# सप्तरीबाट प्रदेश स्तरिय पर्यटन क्षेत्र र व्यवसायको विकासका लागि अभियान सुरु




**दैनिक समाचारदाता**
**राजविराज, २३ माघ ।**

सप्तरीको पर्यटकीय स्थल कंचनरुप नगरपालिका वडा नं. ११ स्थित डेगंरीबाट पर्यटन क्षेत्र र व्यवसायलाई उकास्ने उद्देश्यले प्रदेश २ स्तरिय अभियान शुक्रबारदेखी सप्तरीबाट सुरु भएको छ ।

नेपाल पर्यटन बोर्ड तथा आन्तरिक पर्यटन पुनरुत्थान समिति प्रदेश २ को संयुक्त आयोजनामा कोरोना महामारीका कारण संकटमा परेका पर्यटन क्षेत्र र व्यवसायीलाई अकास्न सो अभियान सुरु गरिएको हो ।

प्रदेश २ स्तरिय परिचयात्मक भ्रमण कार्यक्रम नाम दिइएको सो अभियानको सुरुवात गर्दै प्रदेश २ का सामाजिक विकास मन्त्री नवलकिशोर साहले पर्यटन क्षेत्रको अवस्था सुधारका लागि प्रदेश सरकारले आवश्यक सबै सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

होटल पर्यटन व्यवसाय तथा सरोकारवालाको उलेख्य सहभागितामा सुरु भएको कार्यक्रममा कंचनरुप नगरपालिकाका प्रमुख बसन्त मिश्रले पर्यटकीय स्थलको पहिचान गरि उक्त स्थलहरुलाई बेहुली झैं सिंगारिन सके मात्र पर्यटकीय क्षेत्र र त्यससँग आवद्ध व्यवसायको विकास सम्भव हुने उल्लेख गरे ।

सोही क्रममा नेपाल पर्यटन बोर्डका अधिकृत सागर श्रेष्ठले सप्तरीबाट सुरु भएको अभियान प्रदेश २ का ८ वटै जिल्लामा पुग्ने जानकारी दिदै अभियानमा सम्मिलत टोली ८ वटै जिल्लाको पर्यटकीय स्थलमा पुगि पर्यटकीय स्थलको भ्रमण, वृत्तचित्र निर्माण र प्रचारप्रसारमा खट्ने कार्यक्रम तय रहेको बताए ।

आन्तरिक पर्यटन पुनरुत्थान समिति प्रदेश २ का सहसंयोजक विष्णु साहको अध्यक्षतामा आयोजित कार्यक्रममा भ्रमण टोलीका संयोजक मोहन शर्मा लामिछाने, सदस्य शैलेश चौधरी, जिल्ला समन्वय समितिका प्रमुख प्रभाकर यादव लगायतले पनि बोल्दै पर्यटन क्षेत्र र यसमा आवद्ध व्यवसायको विकास र संरक्षणका लागि सबै मिलेर काम गर्नु पर्नेमा जोड दिएका थिए ।

# आगो ताप्ने क्रममा एक बृद्धाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २३ माघ ।**

सप्तरीको सुरुङ्गा नगरपालिकामा बिहीबार साँझ आगो ताप्ने क्रममा जलेर गम्भिर घाइते भएकी एक बृद्धाको उपचारका क्रममा शुक्रबार मृत्यु भएको छ ।

चिसो छल्न बालिएको घुर ताप्ने क्रममा आगो लागेर गम्भिर घाइते भएकी उक्त नगरपालिका वडा नं.२ हर्दियाकी ७५ वर्षिया कमली देबि पासवानको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

प्रहरीका अनुसार आफ्नो घरमा घुर बाली ताप्ने क्रममा अचानक साडीमा आगो लाग्दा कम्मर भन्दा तल दुवै खुट्टा, घाँटी र ढाड जली घाईते भएकी पासवानको उपचारको क्रममा शुक्रबार मृत्यु भएको हो ।

अगोबाट जलेर गम्भिर घाइते भएकी उनलाई उपचारका लागि सिरहाको लहानस्थित रामकुमार उमाप्रसाद स्मारक अस्पताल लगिएकोमा सोही अस्पतालमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

# कारको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २३ माघ ।**

पूर्वपश्चिम राजमार्ग अन्तरगत सप्तरीको शम्भुनाथ नगरपालिका ६ कठौना चौकमा कारको ठक्करबाट मोटरसाइकल चालकको शुक्रबार मृत्यु भएको छ ।

पूर्बबाट पश्चिमतर्फ जादै गरेको बा.१ज. ४०४७ न.को कारले बिहीबार साँझ स.१प. २७३३ न.को मोटरसाइकलमा सवार सप्तरीको अग्निसाइर कृष्णसवरन गाउँपालिका वडा नं. १ बस्ने ६५ वर्षिय बहुरी चौधरीलाई ठक्कर दिदा उनको मृत्यु भएको प्रहरीले जनाएको छ ।

कारको ठक्करबाट गम्भिर घाइते भएका उनको धरानस्थित विपि कोइराला विज्ञान प्रतिष्ठानमा उपचारका क्रममा शुक्रबार मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी भुवनेश्वर साहले जानकारी दिएद्का छन् ।

ठक्कर दिने कार र चालक प्रहरीको नियन्त्रणमा रहेको छ भने अनुसन्धान कार्य भईरहेको प्रहरीले जनाएको छ ।

# एक सय ३८ असहायलाई कम्बल



**दैनिक समाचारदाता**
**राजविराज, २३ माघ ।**

राजविराज नगरपालिका वडा नं. ४ कार्यालयले शुक्रबार १ सय ३८ जना गरिब, असहाय, शारीरिक रुपमा असक्त तथा एकल महिलालाई कम्बल वितरण गरेको छ ।

वडा कार्यालयको सहयोग तथा हनुमाननगर कंकालिनी नगरपालिकास्थित योगिनीमाई सामुदायिक विकास केन्द्र नेपालको आयोजनामा सो कम्बल वितरण गरिएको हो ।

वडा स्तरिय मानविय क्षमता अभिबृद्धि तथा विपद व्यवस्थापन कार्यक्रम अन्तरगत वडाका १ सय ३८ जना गरिब, असहायलाई एक/एक थानका दरले कम्बल बितरण गरिएको वडा अध्यक्ष मो. अख्तर बाबाले जानकारी दिएका छन् ।

राजविराज नगरपालिका सामाजिक विकास कार्यक्रम अधिकृत अजय साहको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा वडा अध्यक्ष अख्तर बाबा लगायतले कम्बल बितरण गरेको वडा सचिव ओमप्रकाश साहले जानकारी दिए ।

### मालपोतका निमित्त ...

सेवाग्राही शम्भु खिरहरी यादवसँग जग्गाको नक्सा बनाइदिने नाममा घुस वापत सो रकम लिएको खुलेको छ ।

पक्राउ परेका ठाकुर र यादवलाई शुक्रबारै थप अनुसन्धानका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग ईटहरी लगिएको श्रोतले जनाएको छ ।






देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS
Best Remit
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*